# एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

स्वीकृत मिति : २०७६/०५/२६

प्रस्तावना : राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार युवाहरुलाई सवल, सक्षम, आत्मनिर्भर बनाउदै उनीहरुको सार्थक सहभागीता र नेतृत्व क्षमताको विकास गरी युवा परिचालन मार्फत सामाजिक रुपान्तरणबाट समृद्ध स्थानीय तह निर्माण कार्यमा टेवा पुऱ्याउन एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले परिषद्को कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम **"एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** रहेकोछ ।

(२) यो कार्यविधि परिषद्को कार्यसमितिले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम" भन्नाले स्थानीय तहबाट उद्यम प्रवर्द्धन मार्फत सामाजिक रुपान्तरणका लागि वडा स्तरमा सञ्चालित उद्यम कार्यक्रम सम्झनु पर्दछ ।

(ख) "स्थानीय तह" भन्नाले "एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम" सञ्चालित स्थानीय तह सम्झनु पर्दछ ।

(ग) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(घ) "युवा क्लब" भन्नाले स्थानीय तहको प्रत्येक वडामा गठन भएको १६-२४ वर्ष उमेर समुहका युवा सदस्यहरु रहेका राष्ट्रिय युवा परिषद्द्वारा जारी गरिएको युवा क्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि, २०७५ बमोजिम गठित युवा क्लबलाई सम्झनु पर्दछ ।

(ङ) "युवा उद्यम विकास घुम्ती कोष" भन्नाले एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालनका लागि स्थानीय तहद्वारा स्थापित कोष सम्झनु पर्दछ ।

(च) "विशेष प्राथमिकताको समुहका युवा" भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख र अल्पसंख्यक युवालाई सम्झनु पर्दछ ।

(छ) "उद्यमी युवा समुह" भन्नाले एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालन गर्नका लागि कुनै वडामा १६ - ४० वर्षका युवाहरुद्वारा गठन गरिएको कम्तीमा ५ जना युवाहरुको उद्यमी समुहलाई सम्झनु पर्दछ ।

(ज) "संघ संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई युवाको क्षेत्रमा अविछिन्न रुपमा काम गरिरहेको संघ संस्थालाई सम्झनुपर्दछ ।

(झ) "साझेदार संस्था" भन्नाले एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने अन्य संघ संस्थालाई सम्झनुपर्छ ।

परिच्छेद - २

## उद्देश्य

३. एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रमका देहायनुसार उद्देश्य रहेका छन्ः

(१) युवाहरुमा श्रम प्रति सकारात्मक सोचको विकास गर्ने,

(२) उद्यमशीलता मार्फत सामाजिक रुपान्तरणको अभियानमा युवा क्लवलाई नेतृत्वदायी भूमिका प्रदान गर्ने

(३) समृद्ध वडा निर्माणका लागि युवा क्लव मार्फत् युवा परिचालन गर्ने

परिच्छेद - ३

## लक्षित उद्यमी युवा समुह तथा उद्यम क्षेत्र

४. लक्षित उद्यमी युवा समुह : (१) एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम लागू भएका स्थानीय निकायहरुमा गठन भएका सम्पूर्ण वडास्तरीय उद्यमी युवा समुहहरु लक्षित उद्यमी युवा समुह अन्तर्गत पर्दछन् ।

(२) विशेष प्राथमिकताको समुहका युवा तथा युवा क्लबहरुलाई विशेष प्रथमिकता दिईनेछ ।

५. उद्यम क्षेत्र : युवा क्लवबाट ब्यावसायिक उद्यम गर्न सकिने ब्यावसायिक क्षेत्रहरु देहाय वमोजिम रहने छन्।

(क) कृषि तथा पशुपंछिमा आधारित उद्यम ब्यवसाय,

(ख) बन (जडीबुटी, बनपैदावार) मा आधारित उद्यम ब्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम ब्यवसाय,

(घ) पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम ब्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम ब्यवसाय,

(च) कलामा आधारित उद्यम ब्यवसाय,

(छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम ब्यवसाय,

(ज) उद्यमी युवा समुहले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम ब्यवसाय ।

परिच्छेद - ४

## उद्यमी युवा समुह छनौटका आधार

६. उद्यमी युवा समूह छनौटका लागि न्यूनतम आधारहरूः दफा ४ मा उल्लेखित उद्यम क्षेत्रहरू मध्ये कुनै एक  क्षेत्रमा कार्य गर्न इच्छुक उद्यमी युवा समुहलाई उद्यम सञ्चालन गर्नका लागि देहाय आधारमा छनौट गर्नु पर्नेछ ।

(क) प्रचलित कानुन बमोजिम दर्ता भई नियमानुसार नवीकरण भएको,

(ख) युवाको हक हितको संरक्षण र सम्बर्द्धन तथा विकासको क्षेत्रमा काम गर्ने उद्देश्य भएको,

(ग) तोके बमोजिमको ढाँचामा निवेदन र ब्वसायिक कार्ययोजना संलग्न गरेको,

(घ) कम्तिमा ५० प्रतिशत महिला सदस्य रहेको,

(२) उद्यमी युवा समुहले प्रस्ताव गरेको ब्यावसायिक प्रस्तावना मूल्याङ्कनका आधारहरू

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंक (बढीमा) |
|---|---|---|
| १ | प्रस्तावित उद्यमको ब्यवसायिक कार्ययोजना ५ (वर्ष) | ३० |
| २ | स्थानीय स्रोतमा आधारित | १५ |
| ३ | समावेशी सहभागिता | १५ |
| ४ | थप रोजगारी सिर्जना गर्ने | १५ |
| ५ | बजारको सुनिश्चितता | १५ |
| ६ | मानवीय  स्रोत (तालिम प्राप्त युवा) | १० |
| | जम्माः | १०० |

## परिच्छेद - ५

# वडा तथा उद्यमी युवा समुह छनौट र सम्झौता

७. वडा छनौट : स्थानीय तहले एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालन गर्न वडा छनौट गर्नेछ ।

८. उद्यमी युवा समुह छनौट : (१) स्थानीय तहले कार्यक्रम सञ्चालनका लागि छनौट गरेको वडा कार्यालयले कार्यक्रममा सहभागी हुनका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि एक वडा भित्रका कम्तिमा ५ जनाको वडा युवा क्लबका सदस्यहरु रहेको युवा समुह वा वडा युवा क्लवले सिफारिस गरेका १६-४० वर्षका युवाको समुहले उद्यम सञ्चालन गर्नका लागि निवेदन दिन चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र अनुसूची १ बमोजिमको निवेदन तथा अनुसूची २ बमोजिमको ढाँचामा आफ्नो समुहको व्यवसायिक कार्ययोजना सहित उद्यम सञ्चालन गर्नको लागि सम्वन्धीत वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उद्यमी युवा समुह छनौट समितिः उद्यमी युवा समुहबाट प्राप्त भएका निवेदन तथा व्यवसायिक कार्ययोजना मूल्याङ्कन गरी छनोट गर्न प्रत्येक वडा कार्यालयमा देहायको छनौट समिति रहनेछ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) स्थानीय तहको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| (ग) वडा सचिव | सदस्य-सचिव |

द्रष्टव्य :
युवा उद्यमी समुह छनोट समितिले उद्यम छनोट गर्दा वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय संस्थालाई अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ र आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गरी राय सुझाव लिन सक्नेछ ।

(४) उद्यमी युवा समुह छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. उद्यम सम्झौताः (१) वडा कार्यालयले छनौट समितिवाट छनौट भएका उद्यमी युवा समुह, वित्तीय सेवा प्रदायक संघसंस्था र स्थानीय निकाय वीच तोकेको ढाँचामा तृपक्षीय सम्झौता गर्नेछ ।

(२) सम्झौता गर्दा युवा उद्यमी समुहका सदस्यहरुको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, निजहरुका अभिभावकहरुको नागरिकताको प्रमाणित प्रतिलिपि र ऋण रकम हिनामिना भएमा जिम्मेवारी वहन गर्ने मञ्जुरीनामा पत्र सम्लग्न हुनु पर्नेछ ।

(३) सम्झौताको प्रथम पक्ष वडा कार्यालय, दोस्रो पक्ष वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय सेवा प्रदायक संस्था र तेस्रो पक्ष युवा उद्यमी समुह हुनेछ। पहिलो पक्षमा वडाध्यक्षको रोहवरमा वडा सचिव हुनेछन् भने दोस्रो पक्षमा वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय सेवा प्रदायक संघसंस्थाको प्रतिनिधि हुनेछन् तथा तेस्रो पक्षमा उद्यमी समुहका युवाहरु र रोहवरमा समूहका युवाका अभिभावकहरु अनिवार्यरुपमा वस्नुपर्नेछ ।

(४) छनौटभएका उद्यमी युवा समुह र वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय सेवाप्रदायक संघसंस्था बीच ऋण रकमको द्विपक्षीय संभौता गर्दा सम्बन्धित वडा कार्यलयले वित्तीय सेवाप्रदायक संघसंस्था बीच भएको सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रही गर्नुपर्नेछ ।

(५) सम्झौताको चार प्रति हुनेछ । एक प्रति स्थानीय तहको कार्यालयमा, एक प्रति उद्यम सञ्चालन भएको वडा कार्यालयमा, एक प्रति सम्वन्धित उद्यमी युवा समुहलाई र एक प्रति वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय सेवा प्रदायक संघसंस्थामा पठाउनु पर्नेछ ।

## परिच्छेद - ६

# कोष तथा लेखा परीक्षण

१०. वजेट :

(१) उद्यम सञ्चालन सम्बन्धी व्यवसायिक कार्ययोजना प्रस्ताव वडाबाट स्वीकृत भए पछि वडा कार्यालयको सिफारिसमा युवा उद्यमी समुहको अध्यक्ष र एकजना सदस्यको संयुक्त दस्तखतबाट छनौट भएको बैंक वा वित्तिय संस्थामा खाता खोलिनेछ ।

(२) प्रस्तावना स्वीकृत भई ऋण प्राप्त गर्ने युवा उद्यमी समूहले व्यवसायिक प्रस्तावनाको कुल बजेटको २० प्रतिशत बराबरको रकम उपदफा (१) बमोजिमको बैंक तथा बित्तिय संस्थाको खातामा अग्रिम जम्मा गरी सो को बैंक भौचर सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) सम्झौता भई उद्यम समुहले वैंक तथा बित्तिय संस्थाको खातामा २० प्रतिशत रकम जम्मा गरेको एक हप्ता भित्र व्यावसायिक प्रस्तावनाको आधारमा पहिलो किस्ता ५० प्रतिशत रकम र सम्झौता वमोजिम उद्यम

समूहले गरेको कार्यप्रगतिको आधारमा बाँकी ५० प्रतिशत रकम सम्बन्धित समूहको खातामा निकासा गरिनेछ । उद्यमको प्रकृती हेरी  वडा कार्यालयले एकै पटक रकम निकासा दिन पनि सक्नेछ ।

(४) वडा कार्यालयले व्यबसायिक कार्ययोजना अनुसार बढीमा रु. ५,००,०००।– (पाँच लाख) सम्म उद्यम सञ्चालनको लागि कार्ययोजनामा उल्लेख गरेको आवश्यक पर्ने प्रविधि व्यवस्थापनको लागि विना व्याज ऋण उपलब्ध गराउने छ ।

(५) प्रत्येक समूहले प्राप्त गरेको रकम एक वर्षसम्म पूर्णरुपमा परिचालन गर्न पाउनेछ । कुल ऋण रकमको दोस्रो वर्ष १० प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष ३० प्रतिशत र पाचौ वर्ष ४० प्रतिशत रकम गरी पूर्णरुपमा सम्बन्धित स्थानीय तहले तोकेको युवा उद्यम विकास घुम्ती कोष खातामा फिर्ता गर्नु पर्नेछ । यदि समूहले दोस्रो वर्षदेखि माथि तोकिएको न्यूनतम रकम बाहेक बढी रकम फिर्ता गर्न चाहेमा फिर्ता गर्न सक्नेछ ।

(६) उद्यमी युवा समूहले प्राप्त ऋण व्यवसायको व्यवसायिक कार्ययोजना अनुसार ५ बर्ष भित्र स्थानीय तहको युवा उद्यम विकास घुम्ती कोष खातामा फिर्ता गरिसक्नु पर्नेछ । ऋण भुक्तानी कहिले गर्ने भन्ने व्यहोरा ऋण सम्झौतामा उल्लेख भए बमोजिम  हुनेछ ।

११. युवा उद्यम विकास घुम्ती कोषको व्यवस्थाः (१) युवा उद्यम विकास घुम्ती कोष सञ्चालनको लागि स्थानीय तहमा छुट्टै बैंक खाता रहने छ । यस कोषमा स्थानीय तहले यस कार्यक्रमका लागि छुट्याएको रकम, युवा उद्यममीले ऋण फिर्ता गरेको रकम तथा सहयोगी संघ सस्था, निकायले युवा उद्यम विकासका लागि उपलब्ध गराएको रकम जम्मा हुनेछ।

(२) स्थानीय तहले यसरी युवा समूहद्वारा सञ्चालित उद्यम समूहबाट फिर्ता भएको रकम युवा उद्यम विकास घुम्ति कोष मार्फत अन्य वडाका  उद्यमी युवासमूहलाई पुनः युवा उद्यमको क्षेत्रमा लगानी विस्तार गर्दै लैजानेछ । युवा उद्यम विकास घुम्ती कोष सञ्चालन सम्वन्धी स्थानीय तहले छुटै कार्य विधि बनाई लागू गर्न सक्नेछ ।

(३) युवा समूहवाट तोकिएको अवधिमा ऋण रकम फिर्ता नगरेमा दुई पक्ष सम्झौतामा उल्लेख भएबमोजिम र सो उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम बेरुजु कायम गरी हर्जना सहित (प्रचलित नियमानुसार लाग्ने ब्याज) ऋण रकम निज वा निजका एकाघरका, सगोलका परिवारको चलअचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१२. लेखा परीक्षण : (१) उद्यमी युवासमूहहरुद्वारा सञ्चालित उद्यमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

(२) उद्यमको आर्थिक कारोवारको लेखापरीक्षण स्थानीय तहले गराउनु पर्नेछ । यसरी लेखापरीक्षण गराउँदा कार्यक्रमतर्फको नतिजा शृङ्खला (प्रतिफल, उपलब्धी, प्रभाव) का सूचकहरुका आधारमा प्रगति (गुणात्मक, परिमाणात्मक) विश्लेषण अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(३) लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखा परीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्वन्धित उद्यमी युवा समूहको हुनेछ ।

(४) उद्यमी युवा समूहले लेखा परीक्षणको प्रतिवेदन सम्बन्धित स्थानीय तहको कार्यालयमा तथा सम्बन्धित वडा कार्यालयमा पठाउनु पर्नेछ।

परिच्छेद- ७

## सरोकार निकायको भूमिका

१३. वडा कार्यालयको भूमिका : (१) आफनो क्षेत्रमा स्थापना भएका युवा उद्यमको सफलता पूर्वक सञ्चालनका लागि वित्तिय सस्था छनौट गर्ने, युवा उद्यमी समुह छनौट गर्ने, रकम निकासा गरिदिने, स्थानीय स्रोत साधनको उपलब्धतामा सहजीकरण, अनुगमन निरीक्षण, पृष्ठपोषण, सम्बन्धित स्थानीय तहलाई उद्यमको वारेमा जानकारी उपलब्ध गराउने।

(२) स्थानीय युवाहरुलाई ब्यावसायिक सीप प्रदान तथा स्वरोजगार गराउन सम्बन्धित स्थानीय तहलाई आवश्यक पर्ने तथ्याङ्क तथा अन्य विवरण उपलब्ध गराउने ।

१४. युवा क्लबको भुमिकाः स्थानीय स्रोत साधनको पहिचान र उद्यमशिलता मार्फत स्वावलम्बी तथा आत्मनिर्भर हुन युवाहरुलाई अभिप्रेरित गर्ने, आफ्नो क्षेत्रमा सञ्चालित उद्यम कार्यक्रमको अनुगमन गर्ने र कार्यक्रममा आवश्यक सहयोग सुधारका लागि वडा कार्यालयसँग समन्वय गर्ने।

१५. जिल्ला स्थित अन्य निकायः कृषि विकास कार्यालय, जिल्ला घरेलु कार्यालय वा जिल्ला घरेलु विकास समितिको कार्यालय, जिल्ला समन्वय समितिको कार्यालयको भूमिका जिल्लामा रहेका अन्य सरकारी तथा गैरसरकारी निकायसँग ब्यावसायिक उद्यमको पहिचान, छनौट, तालिम प्रदान, प्रविधि हस्तान्तरण, स्रोत साधनको उपलब्धता बजारीकरण, ब्यावसायिक परामर्श, पृष्ठपोषण, अनुगमन निरीक्षण, आदि कार्यमा सहकार्य गर्ने ।

परिच्छेद ८

## अनुगमन तथा मूल्याङ्कन

१६. अनुगमन, निरीक्षण तथा मूल्याङ्कनः (१) सम्बन्धित स्थानीय तह, वडा कार्यालय र वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय सेवा प्रदायक संस्थाबाट अनुगमन निरीक्षण तथा मूल्याङ्कन गरिनेछ। वडा कार्यालयले अनुगमनको अभिलेख राखी कार्यक्रम सञ्चालनमा आवश्यक पर्ने थप सहयोगको व्यवस्था गर्नेछ ।

(२) सम्बन्धित स्थानीय तहले कार्यक्रमको प्रभावकारिता हेर्न तेस्रो पक्षवाट अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान गराउन सक्नेछ ।

परिच्छेद- ९

## प्रतिवेदन

१७. प्रतिवेदनः (१) उद्यमी युवा समुहले वडा कार्यालयसँग गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन वडा कार्यालय तथा स्थानीय तहको कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसपछि अनुसूची- ३ वमोजिमको ढाँचामा चौमासिक रुपमा महिनाको ७ गते भित्र वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ ।

परिच्छेद- १०

## पुरस्कार तथा दण्ड सजाय

१८. पुरस्कारः स्थानीय तहबाट उद्यमी युवा समुहहरुलाई प्रभावकारी र नतीजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अंक हाँसिल गर्ने उद्यमी समूहलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने छ ।

(क) अधिकतम रोजगार सिर्जना गर्ने,

(ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने,

(ग) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन योगदान पुऱ्याएको,

(घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर कायम भएको,

(ङ) उद्यमको विकासले स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

(च) उद्यमले सम्वन्धित निकायमा समयमा गर्ने प्रतिवेदन तथा सूचना सम्प्रेषण,

(छ) परिवारको आयमा भएको बृद्धिको अवस्था,

(ज) कार्य योजना अनुसार कार्य सम्पादन गरेको आदि ।

१९. दण्ड सजाय : (१) उद्यमी युवा समुहले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता समुहलाई स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागि गराईने छैन ।

(२) उद्यमी युवा समुहले सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरीय कार्य सम्पन्न नगरेमा तथा दिइएको बजेट हिनामिना गरेमा उक्त समूह तथा संघसंस्थाबाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

परिच्छेद-११

## विविध

२०. सहयोग गर्नुपर्नेः यस कार्यविधि बमोजिम एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रमलाई आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

२१. कार्यविधि संसोधन गर्न सक्ने : स्थानीय सरकारले आवश्यकता अनुसार यो कार्यविधि संसोधन गर्न सक्नेछ ।

२२. कार्यविधि सम्बन्धमाः स्थानीय सरकारले यसै कार्यविधिलाई मार्गदर्शनको रुपमा ग्रहण गर्दै आफ्नो लागि एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम संचालन कार्यविधि कार्यढाँचा आफै बनाई लागू गर्न सक्नेछ ।

२३. वाधा अड्काउ फुकाउनेः यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा सम्बन्धित स्थानीय तहले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची - १

### (दफा ८ को उपदफा २ सँग सम्बन्धित)

### युवा उद्यम छनौटको लागि दिइने निवेदनको ढाँचा

मिति .................................

श्री वडा समितिको कार्यालय

................................................................................

विषय : व्यावसायिक उद्यम सञ्चालनका लागि निवेदन पेश गरेको ।

उपर्युक्त सम्बन्धमा हामी वडा नं. ...... मा बसोबास गरिरहेका तपशिलका युवाहरुले ....... .नगरपालिका/गाँउपालिकाको वडा नं ........... मा ............................ (व्यावसायिक उद्यमको नाम) उद्यम सञ्चालन गर्न चाहेको हुनाले वडा कार्यालयबाट प्रविधि व्यवस्थापनको लागि **एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६** बमोजिम उपलब्ध गराइने ऋण सहयोग पाँउ भनी कार्यविधिले निर्धारित गरेको शर्तहरुमा मन्जुर गरी तपसिल अनुसारको विवरण सहितको आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौँ ।

संस्थागत विवरण

१. उद्यमी युवा समूहको नाम : ..................................

२. युवा समूहको ठेगानाः जिल्लाः ..................... गाउँपालिका/नगरपालिका ................................ वडा नं .................................... स्थानः .......................... ३. समूह/उद्यमको दर्ता नं : .......... ४. दर्ता भएको जिल्ला : ........ ५. दर्ता मिति : ................... ६. नवीकरण मिति : .......... ७. स्थायी लेखा नम्बर (PAN) भएः ................. १३. सम्पर्क व्यक्तिको नामः ................................ पदः ........................ ठेगानांः ............................... सम्पर्क नम्बरः ................... समूह अध्यक्षको नाम ................ समूह/उद्यमको छाप ...........

८. निवेदक उद्यमी युवा समूहका सदस्यहरुको विवरण :

| क्र.सं | नामथर | पद | उमेर | शैक्षिक योग्यता | स्थायी ठेगाना | संपर्क फोन नं. | इमेल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

१. एउटै वडाको १६ देखि ४० वर्षका उमेरका कम्तिमा ५ जना युवा (कम्तिमा पनि ५० प्रतिशत महिला) को सूची थान - १

२. युवा समूह प्रचलित कानून वमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि थान - १

३. सम्बन्धित निकायमा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा संस्था नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

४. पाँच वर्षे न्यावसायिक कार्ययोजना (न्यावसायिक उद्यम कृषि, वन, पशुपङ्क्षी, विज्ञान, सूचना प्रविधि, सञ्चार, कला संस्कृति, पर्यटन प्रवर्द्धन, निर्माण आदि स्थानीय स्रोत साधनमा आधारित हुनुपर्नेछ) थान - १

५. न्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको नागरिकताको प्रतिलिपि थान - ५

६. न्यावसायिक उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (कम्तिमा आधारभूत तह कक्षा ८ उतिर्ण गरेको हुनुपर्नेछ) थान - ५

७. न्यावसायिक उद्यम सञ्चालन गर्नका लागि आवेदन दिने क्लब/समूहले गरेको निर्णयको प्रतिलिपि थान- १

## अनुसूची -२

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

## न्यवसायिक कार्ययोजनाको ढाँचा

निवेदन साथ तल उल्लेख गरिएका विवरण सहितको ढाँचामा प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

१. उद्यमको नामः ............................ न्यावसायिक उद्यमको क्षेत्रः ...................... दर्ता नंः ....... दर्ता भएको कार्यालयः ........................................ २. उद्यम सञ्चालन गर्ने ठेगानाः जिल्ला ................ निर्वाचन क्षेत्र नं. ............... गाविस/नपा. ......... वडा नं. ......... स्थान .........

३. यो उद्यम सञ्चालन गर्नाका मुख्य मुख्य उद्देश्यहरु के के हुन ?

४. तपाईहरुले यो उद्यम नै किन रोज्नुभएको हो ?

५. यो उद्यम यहाँको कार्यक्षेत्र (जिल्ला, गाविस, ग्रामीण बजार केन्द्र)मा किन आवश्यक छ ?

६. उद्यमको कार्यान्वयनका लागि तपाईको संस्थाका अनुभवहरु के के छन् ?

७. यो उद्यमका लागि योजना तर्जुमा गर्दा (प्रस्तावित कार्यक्षेत्रमा) क-कसको सहभागीता रह्यो ? लक्षित समुदाय (विशेष गरी महिला, विपन्न समुदायका सदस्यहरुलाई लघु उद्यमीका रुपमा विकास गर्नका लागि उद्यमीको विचार के थियो ?

८. यो उद्यम सञ्चालन गर्नका लागि के कस्ता दक्ष जनशक्ति आवश्यक पर्दछन्, त्यसको ब्यवस्था कसरी गरिएको छ?

९. यस उद्यमलाई आवश्यक पर्ने कच्चा पदार्थ के के हुन ? कसरी ब्यवस्था गरिन्छ ?

१०. यो उद्यम सञ्चालन गर्नका लागि आवश्यक पर्ने मेसिनरी सामान के कस्ता आवश्यक पर्दछन् र ब्यवस्था कसरी  गरिन्छ ?

११. यो उद्यम सञ्चालन गर्नका लागि आवश्यक पर्ने इन्धन, उर्जा के कस्ता हुन सक्छन् र ब्यवस्था कसरी गरिन्छ ?

१२. यो उद्यम सञ्चालन गर्नका लागि के कस्तो खालको परामर्श आवश्यक पर्ने सोचिएको छ र त्यस्को ब्यवस्था कसरी गरिन्छ ?

१३. यो उद्यम सञ्चालन गर्दा वातावरणलाई के कस्तो असर पर्दछ? त्यसलाई ब्यवस्था कसरी गरिन्छ ?

१४. यो उद्यम सञ्चालन गर्दा प्रत्यक्ष र अप्रत्यक्ष के कति थप रोजगारी सृजना गर्दछ ?

१५. यो उद्यम सञ्चालन गर्ने स्थान, घर, फर्निचर आदिको ब्यवस्थापन कसरी गरिएको छ ?

१६. यो उद्यम सञ्चालन गर्न कुल लागत के कति लाग्छ ? वित्तिय ब्यवस्था कसरी गरिन्छ ?

१७. यो उद्यम सञ्चालन गर्नाका लागि स्थानीय तहवाट रु. ५,००,००० (पाँच लाख) सम्म निर्ब्याजी रकम उपलब्ध गराउने छ । उक्त रकम १ वर्ष सम्म पूर्णरुपमा परिचालन गर्न पाउने र दोस्रो वर्षको अन्तमा रु. पचास हजार (१० प्रतिशत), तेश्रो वर्षको अन्तमा रु. एक लाख (२० प्रतिशत), चौथो वर्षको अन्तमा रु एक लाख पचास हजार (३० प्रतिशत), पाचौ वर्षको अन्तमा रु दुई लाख (४० प्रतिशत) रकम फिर्ता गर्ने ब्यवस्थाको सुनिश्चिचता कसरी गरिएको छ?

१८. यो उद्यम सञ्चालनमा आउन सक्ने जोखिमहरु के कस्ता देख्नुभएको छ ? ती जोखिमलाई कसरी हल गर्ने सोच्नु भएको छ ।

१९. उद्यमीहरु विशेष गरी अशिक्षित महिला, विपन्न समुदायका हुने भएकाले उद्यमशीलता र प्राविधिक सीपको विकास कसरी सुनिश्चित गर्नुहुन्छ ।

२०.उद्यमका उपलब्धी (output) र परिणाम (Outcomes) लाई कसरी दिगो बनाउन सकिन्छ ?

२१. उद्यमका गतिविधि, प्रगतीको अनुगमन तथा मूल्याङ्कन र सुपरीवेक्षण कसरी गर्नुहुन्छ ?

२२. उद्यमका गतिविधिहरुको उपलब्धी र परिणामहरुको अभिलेख कसरी राख्नुहुन्छ ? उद्यमी समूह र उद्यमीको तहमा प्रगती र सिकाइहरुको अभिलेख कसरी राख्नुहुन्छ ?

२३. नियमित कार्यसम्पादन प्रतिवेदन कसरी तयार गर्नु हुन्छ ?

२४. यो उद्यम सञ्चालनमा युवा उद्यमी समूहका अभिभावकहरुको ऋणमा जमानत वस्नु पर्ने भएकाले त्यसको सुनिश्चिता कसरी गरिएको छ ?

२५. निवेदक युवा समूहका सदस्यहरुको विवरण ः

| क्र.सं. | नामथर | लिङ्ग | उमेर | शैक्षिक योग्यता | पहिले कुनै ब्यवसाय गरेको छ छैन ? | काम गरेको भए कति समय ? | उद्यमसंग सम्बन्धित कुनै तालिम लिएको छ छैन ? | तालिम भए कुन तालिम ? कति अवधिको र कुन संस्थाबाट ? |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

.......(स्थानीय तहको नाम) द्धारा सञ्चालित **एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७६** वमोजिम ब्यावसायिक उद्यम सञ्चालन गर्न मञ्जुर छौ । आवेदन दिने उद्यमी युवासमूहका सदस्यहरुको हस्ताक्षरः

१ नाम .................................. ठेगाना .................................... हस्ताक्षर ........................

२. नाम .................................. ठेगाना .................................... हस्ताक्षर ........................

३. नाम .................................. ठेगाना .................................... हस्ताक्षर ........................

४. नाम .................................. ठेगाना .................................... हस्ताक्षर ........................

५. नाम .................................. ठेगाना .................................... हस्ताक्षर ........................

मितिः..................................

## अनुसूची - ३

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

# प्रगति प्रतिवेदनको ढाँचा

१) स्थानीय तहको नाम ः वडा नं.

२) उद्यमी युवा समूहको नाम ः

३) कार्यक्रमको परिचय ः

४) कार्यक्रमको उद्देश्य ः

५) उद्यम व्यवसाय संचालनको विधि/प्रक्रिया ः

६) उद्यममा सम्लग्न युवाहरुको विवरण (जातिगत, लिङगगत) ः

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | संख्यात्मक विवरण | | | दलित | जनजाती | ब्राम्हण क्षेत्री | मधेशी | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ... | | | | | | | | | | | |

७) उद्यम संचालन स्थान ः

८) उद्यम संचालन शुरु भएको मिति ः

९) उद्यम संचालन अवधि ः

१०) हालसम्म उद्यमले गरेको मुख्य कार्य प्रगति ः-

११) उद्यम संचालन गर्दा आइपरेका समस्याहरु...............................................

१२) ती समस्याहरु समाधानका लागि गरिएका प्रयासहरु ..................................

१३) यस वर्ष अनुगमन गरेको पटक ः

१४) अनुगमनवाट प्राप्त मुख्य मुख्य सुझावहरु र कार्यान्वयनका लागि गरिएका प्रयासहरु ः

क) मुख्य सुझावहरु .......................... ..............................................................

ख) कार्यान्वयनका लागि गरिएका प्रयासहरु.......................... ..................................................

ग) स्थानीय तहबाट गर्नुपर्ने केही भए ...................... ..........................................................................................................

१२) प्राप्त उपलब्धीहरु .............................................................

१३) निष्कर्षः ............................................................

१४) सुझावः .....................................................................................

१५) अनुसूचीहरुः

क) उद्यमी युवा समूहको वैठकको निर्णय उतार प्रति

ख) कार्यक्रम वारे सरोकारवालाहरुलाई जानकारी गराएको कागज/प्रमाणका प्रतिलिपिहरु

ग) कार्यक्रम शुरु भएको जानकारी पत्र (विभिन्न निकायलाई लेखिएको पत्रका प्रतिलिपिहरु)

घ) कार्यक्रम अनुगमन तथा निरीक्षणको सिलसिलामा लेखेको मन्तब्यको प्रति

ङ) कार्यक्रमसँग सम्वन्धित फोटो र प्रतिवेदनको विद्युतिय प्रति

च) संचालित कार्यक्रमसँग सम्वन्धित हाजिरी विवरण, भरपाई विवरण आदिको प्रति र अन्य केही भए उल्लेख गर्ने ।

छ) अन्तिम प्रतिवेदनको एक प्रति विद्युतिय प्रति समेत उपलब्ध गराउने ।